# नगर खानेपानी तथा सरसफाई ब्यबस्थापन बोर्ड

सुन्दरबजार नगरपालिका, लमजुङ्ग

गण्डकी प्रदेश, नेपाल

प.सः मिति :२०८३/०३/११

च.नः जेठ शुक्ल एकादशी

---

## खानेपानी तथा सरसफाई संस्थाहरु सुचिकृत हुन आउने सम्बन्धि सूचना !

सुन्दरबजार नगरपालिका क्षेत्रमा रहेका खानेपानी स्रोतलाई उचित संरक्षण र संवर्द्धन गर्न, खानेपानी तथा सरसफाइका क्षेत्रमा नगरपालिका भित्रका सेवा प्रदायक, उपभोक्ता समिति तथा संस्थाहरूको अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण, नियमन एवं समन्वय गर्दै सेवा सञ्चालनलाई चुस्त-दुरुस्त बनाई गुणस्तरीयता, नियमितता, एकरूपता, पारदर्शिता एवं जवाफदेहिता सहितको सर्वसुलभ एकीकृत खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न खानेपानी तथा सरसफाई ऐन, २०८२ बमोजिम नगर खानेपानी तथा सरसफाई ब्यबस्थापन बोर्ड स्थापना भएको छ। ऐनको दफा ६ (१) र (२) बमोजिम सुन्दरबजार नगरपालिकाभित्र संचालनमा रहेका सबै खानेपानी तथा सरसफाई सम्बन्धि संस्थाहरु असार मसान्त सम्ममा बोर्डमा सुचिकृत हुनुपर्ने प्राबधान रहेको छ ।

सोहि प्रयोजनका लागि सुन्दरबजार नगरपालिका भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई सम्बन्धि संस्थाहरुलाई देहायको कागजात/विवरण सहित मिति २०८३/०३/३२ सम्ममा नगरपालिकाको खानेपानी तथा सरसफाई ब्यबस्थापन बोर्डमा सुचिकृत हुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

देहाय

क. संस्था दर्ता प्रमाणपत्र तथा संस्थाको बिधानको प्रतिलिपि ।

ख. संस्थाको आ.ब २०८१/८२ को आय/व्यय समेटिएको लेखापरीक्षण प्रतिबेदन ।

ग. तोकिएको ढाँचा अनुसारको खानेपानी तथा सरसफाई संस्थाको विवरण ।

घ. सम्बन्धित वडाको सिफारिस ।

(उल्लिखित कागजात नगरपालिका स्थित **प्रशासन शाखा**मा पेश गर्नुपर्नेछ ।)

जानकारीका लागि : **९८५१२०९०८३**

०८३/०३/११

बिबेक कुमार पण्डित

प्रमुख कार्यकारी अधिकृत

# खानेपानी तथा सरसफाई संस्थाको विवरण

संस्थाको नाम :

संस्थाको ठेगाना:

पदाधिकारीको विवरण

| पद | नाम | सम्पर्क नं |
|---|---|---|
| अध्यक्ष | | |
| सचिब | | |
| कोषाध्यक्ष | | |
| सदस्यहरु | | |

सदस्य संख्या :

जम्मा आबद्द घरधुरी संख्या :

जम्मा धारा संख्या :

जम्मा ट्यांकी संख्या :

आम्दानीको श्रोत :

मासिक शुल्क (लिने गरेको भए):

प्रयोग गरिने पानीको श्रोत(मूल):

मूल श्रोत देखि ट्यांकी सम्मको अनुमानित दूरी :

कर्मचारी बिबरण

कुल कर्मचारी संख्या :

| क्र.स | पद | नाम | सम्पर्क नं |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

अन्य बिबरण केहि भए :